# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड २</td><td>संख्या १</td><td>मिति …………</td></tr>
<tr><td colspan="3">भाग २<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

# अर्जुनचौपारी गाउँपालिका करार शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको सम्झौता नवीकरण सम्बन्धी कार्यविधि २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८० चैत्र १५

**प्रस्तावनाः**

अर्जुनचौपारी गाउँपालिका भित्र रहेका सम्पूण सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा थप सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षाको सुनिश्चितता करार सम्झौता नवीकरण मापदण्ड लागू गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) र दफा १०२ र अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन (संशोधन सहित), २०७४ बमोजिम अर्जुनचौपारी गाउँपालिकाको "अर्जुनचौपारी गाउँपालिका करार शिक्षक, सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको सम्झौता नवीकरण सम्बन्धी कार्यविधि २०८०" यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "अर्जुनचौपारी गाउँपालिका करार शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको सम्झौता नवीकरण सम्बन्धी कार्यविधि २०८०" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "गाउँ सभा" भन्नाले अर्जुनचौपारी गाउँ पालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(च) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ज) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी

समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) “व्यवस्थापन समिति” भन्नाले अर्जुनचौपारी गाउँपालिकामा शिक्षा ऐनको दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट) “शिक्षा शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(ठ) “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

३. करार सम्झौता नवीकरण सम्बन्धी व्यवस्थाः

(क) करार सम्झौता नवीकरण अनुसूची फारममा ७५ प्रतिशत भन्दा बढी अंक प्रप्त गर्ने शिक्षक वा कर्मचारीको मात्र हुनेछ । शिक्षकको हकमा अनुसूची १ फारम र अन्य कर्मचारीको हकमा अनुसूची २ फारम भर्नुपर्नेछ।

(ख) यो अनुसुची १ र २ फारम शैक्षिक सत्रको अन्तिम (वैशाख १५) भित्र भरिनेछ (पहिलो बर्ष वैशाख ३० सम्म) तर शैक्षिक सत्र सकिनु भन्दा ३ महिना अघि नियुक्त भएकोमा लागू हुने छैन ।

(ग) करार सम्झौता नवीकरण सम्बन्धी अन्य व्यवस्था अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐनका दफा २८,२९ र ३८ बमोजिम हुनेछ ।

(घ) लेखापाल, सहायक कर्मचारी, सहजकर्ता र कार्यालय सहयोगीको हकमा पालिकाबाट भएको अनुगमनमा आफ्नो काम प्रति गैर जिम्मेबार र आफ्नो काममा अब्बल नदेखिएमा करार सम्झौता नवीकरण हुने छैन ।

(ङ) पालिकाले सञ्चालन गर्ने ३, ५ र ८ को स्तरीकृत परीक्षा, कक्षा १० र १२ को परिक्षामा करार/राहत शिक्षकले पठनपाठन गराउने विषयमा ५० प्रतिशत विद्यार्थी उत्तीर्ण नगरेमा विद्यालय व्यवस्थापन समितिले करार सम्झौता नवीकरण गर्ने छैन। यदि विद्यालय व्यावस्थापन समितिले सो अनुसार नगरेमा पालिकाले हटाउन निर्देशन दिन सक्ने छ।

४. दफा ३ मा जे कुरा लेखिएको भएपनि करार शिक्षकले गरेको कुनैपनि क्रियाकलापमा फौजदारी कानून आकर्षित भएमा वा लैङ्गिक हिंसा पुष्टि हुने आधार भएमा गाउँ शिक्षा समिति वा गाउँ कार्यपालिकाले कुनै पनि बेला करार सम्झौता रद्द गरि पदमुक्त गर्न सक्नेछ।

५. प्रधानाध्यापक सम्बन्धि व्यवस्थाः

(क) पालिकाले सञ्चालन गर्ने स्तरीकृत परीक्षामा ५० प्रतिशत भन्दा कम विद्यार्थी उत्तीर्ण भएको खण्डमा गाउँशिक्षा समिति र गाउँ कार्यपालिकाले अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐनको दफा ३८ को उपदफा (ञ) बमोजिम नयाँ नेतृत्वलाई जिम्मा दिन शिक्षा ऐनको अनुसूची २ बमोजिम खुल्ला प्रतिष्पर्धाबाट विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक छनौट गर्नेछ। यदि १५ दिन भित्र नयाँ प्रधानाध्यापक छनौट नगरेमा गाउँपालिकाले खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्ने छ।

(ख) शैक्षिक सत्रको बिचमा प्रधानाध्यापक अनिवार्य अवकास हुने वा अन्य कारणले प्रधानाध्यापक पुरै शैक्षिक सत्रमा नरहने जानकारी गराएमा शैक्षिक सत्र शुरुवात हुनु भन्दा अगाडीनै अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐनको दफा ३८ को उपदफा (ञ) बमोजिम नयाँ नेतृत्वलाई जिम्मा दिन शिक्षा ऐनको अनुसूची २ बमोजिम खुल्ला प्रतिष्पर्धाबाट विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक छनौट गर्नेछ। यदि १५ दिन भित्र नयाँ प्रधानाध्यापक छनौट नगरेमा गाउँपालिकाले खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्ने छ।

६. प्रचलित प्रादेशिक कानून वा संघीय कानून सँग बाझिएमा प्रदेश वा संघीय कानून लागू हुनेछ।

अनुसूची-१

शिक्षकको नाम, थर

विषयः

| सि.नं. | मूल्याङ्कनकर्ता | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्र.अ. | विद्यालयमा उपस्थिति | ५ | | |
| | | रचनात्मकता (नयाँ विचारको प्रयोग) | ५ | | |
| | | इमानदारीता, आचारसंहिता पालना | ५ | | |
| | | शिक्षण अनुमती पत्र | ५ | | |
| | | विषय दक्षता | १० | | |
| | | प्रविधिको प्रयोग | ५ | | |
| | | प्रभावकारी पाठ योजना | ५ | | |
| २ | व्यवस्थापन समिति | विद्यार्थी, शिक्षक, अभिभावक सँगका सहकार्य र सम्बन्ध | १० | | |
| | | सकारात्मक चरित्र व्यवहार | १० | | |
| ३ | पालिका/ शिक्षा शाखा | विद्यार्थी उपलब्धिहरू (पठनपाठन गर्ने विषयमा) | २५ | | |
| | | पालिकाको स्थलगत अनुगमनको आधारमा | १५ | | |
| | **जम्मा** | | १०० | | |

अनुसूची-२

नाम, थरः

पद

| सि.नं. | मूल्याङ्कनकर्ता | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्र.अ. | विद्यालयमा उपस्थिति | ५ | | |
| | | आचरण | ५ | | |
| | | अनुशासन | ५ | | |
| | | इमानदारीता | ५ | | |
| | | TOR अनुसार कार्य गरे नगरेको | १० | | |
| | | पोशाक | ५ | | |
| | | समयको पालना | १० | | |
| २ | व्यवस्थापन समिति | विद्यार्थी, शिक्षक, अभिभावक सँगका सहकार्य र सम्वन्ध | १० | | |
| | | सकारात्मक चरित्र व्यवहार | १० | | |
| ३ | पालिका/ शिक्षा शाखा | आफ्नो काम प्रति जिम्मेवार | २० | | |
| | | पालिकाले स्थलगत अनुगमनको आधारमा | १५ | | |
| **जम्मा** | | | १०० | | |